# दूध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०७५

दूध उत्पादनमा आधारित अनुदान वितरण (प्रथम संशोधन) कार्यविधि, २०७५ - २०७६/०५/१३
दूध उत्पादनमा आधारित अनुदान वितरण (दोस्रो संशोधन) कार्यविधि, २०७५ - २०७६/११/१३
दूध उत्पादनमा आधारित अनुदान वितरण (तेस्रो संशोधन) कार्यविधि, २०७५ - २०७७/ १० /०५
दूध उत्पादनमा आधारित अनुदान वितरण (चौथो संशोधन) कार्यविधि, २०७५ - २०७७/१२ /०४
दूध उत्पादनमा आधारित अनुदान वितरण (पाचौं संशोधन) कार्यविधि, २०७५ - २०७८/०६/१२
दूध उत्पादनमा आधारित अनुदान वितरण (छैठौं संशोधन) कार्यविधि, २०७५ - २०७८/१०/१८

**प्रस्तावना:** प्रदेश सरकारको *............. स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा दूध उत्पादनमा आधारित अनुदान वितरण गर्न बजेटको व्यवस्था भएकोले दूधको उत्पादन खस्कन नदिन, साविकमा भन्दा उत्पादन तथा उत्पादकत्व बढाउन र प्रदेश दूधमा आत्मनिर्भर भएको भनि घोषणा गर्न विगतका केही वर्ष यता सञ्चालन हुंदै आएको दूध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रमलाई ♣बागमती प्रदेशको सवै जिल्लामा निरन्तरता दिनु आवश्यक भएकोले कार्यक्रम सञ्चालन गर्न मन्त्रिपरिषद्बाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"दूध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०७५"** रहेको छ ।

(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्नेछ ।

(ख) #**"दुग्ध उत्पादक सहकारी संस्था"** भन्नाले दूध सङ्कलन, प्रशोधन र वितरण गर्ने सहकारी सस्था सम्झनु पर्दछ । साथै दूध सङ्कलन, प्रशोधन र वितरण कार्यमा संलग्न बहुउद्देश्यीय सहकारी र कृषि सहकारी संस्थालाई समेत सम्झनु पर्छ।

(ग) **"जिल्ला दुग्ध उत्पादक सहकारी संघ"** भन्नाले दूध सङ्कलन, प्रशोधन र वितरण गर्ने सहकारी सस्थाहरुको जिल्ला स्तरिय संगठन सम्झनु पर्छ ।

(घ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले ♣बागमती प्रदेश सम्झनु पर्छ ।

(च) £**"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

(छ) **"मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

---

* प्रथम संशोधनद्वारा झिकिएको

♣ तेस्रो संशोधनद्वारा संशोधित

# प्रथम संशोधनद्वारा संशोधित

£ छैठौं संशोधनद्वारा संशोधित

(ज) ⊕**"विषय विज्ञ"** भन्नाले दूध दिने पशु सम्बन्धी ज्ञान भएको भनि आवश्यक पर्दा निर्देशनालयले आमन्त्रण गरी मूल्याङ्कन समिति र कार्यक्रम स्वीकृत तथा अनुगमन समितिसँग सम्बन्धित काम लिन सक्ने सरकारी वा गैहसरकारी सरोकारवाला प्राविधिक कर्मचारी वा वैज्ञानिक व्यक्तित्व सम्झनु पर्छ।

(झ) **"स्थानीय तह"** भन्नाले गाउँ पालिका, नगरपालिका, उप महानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ ।

३. **<u>उद्देश्यः</u>** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) अनुदान वितरण नीतिलाई प्रकृयामूखी बाट परिणाममूखी तर्फ लैजाने ।

(ख) दूध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने ।

(ग) अनुदानको सही, दक्ष र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने ।

(घ) साना कृषकहरुको समेत दुग्ध उत्पादन संगठीत बजारमा प्रवाह गर्ने ।

(ङ) मन्त्रालयको प्रतिवद्धता अनुरुप दूधमा आत्मनिर्भरको लक्ष्य पुरा गर्न सहयोग गर्ने ।

## परिच्छेद-२
## <u>संस्थागत व्यवस्था</u>

४. **<u>मूल्याङ्कन समितिः</u>** (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारीस गर्न ♦निर्देशनालयमा सार्वजनिक खरिद ऐन-२०६३ र सार्वजनिक खरिद नियमावली-२०६४ मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

(२) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले मूल्याङ्कन तथा अन्य मापदण्ड तयार गरी स्वीकृतिका लागि निर्देशनालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि निर्देशनालयमा पेश गर्ने ।

५. **<u>अनुगमन तथा मूल्याङ्कनः</u>** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन ♦निर्देशनालय, दफा ४ बमोजिमको समिति र कार्यालयले आवश्कताका अनुसार गर्न सक्ने छन् । यसरी गरिएको अनुगमन र मूल्याङ्कनको प्रतिवेदन ♦निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-३
## <u>कार्यक्रम संचालन प्रकृया</u>

६. **<u>प्रस्ताव आह्वानः</u>** दुग्ध उत्पादक सहकारी संस्थाहरुबाट प्रस्ताव पेश गर्न तिस दिने म्याद दिई राष्ट्रिय/स्थानीय पत्रिकामा ♦निर्देशनालयले अनुसूची-१ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

---

⊕पाचौ संशोधनद्वारा संशोधित

♦ दोस्रो संशोधनद्वारा संशोधित

७. **प्रस्ताव दर्ता:** दफा ६ बमोजिमको समय अवधी भित्र दुग्ध उत्पादक सहकारी संस्थाहरुले अनुसूची-३ बमोजिम दिएको आवेदन-पत्र साथ सम्बन्धित जिल्ला दुग्ध उत्पादक सहकारी संघ, सम्बन्धित स्थानीय तह र सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले दिएको सिफारिस-पत्र संलग्न गरी ♦निर्देशनालय वा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा निवेदन दर्ता गर्नु पर्नेछ ।

८. **प्रस्ताव संकलन:** आवेदन दर्ता गर्ने समय/अवधी समाप्त भएपछि ♦निर्देशनालय वा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा दर्ता भएका आवेदनहरु संकलन गरी ♦निर्देशनालयमा पठाउनु पर्नेछ ।

९. **प्रस्तावको मूल्याङ्कन:** दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची -४ बमोजिम मूल्याङ्कन फाराम अनुसार प्रस्तावहरु मूल्याङ्कन गरी आवेदक दुग्ध उत्पादक सहकारी संस्थाहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई सिल्सिलेवार क्रममा कम्पाईल गर्नेछ र ♦निर्देशनालयमा स्वीकृतार्थ सिफारिस गर्नेछ ।

१०. **प्रस्तावको जानकारी:** ⊕स्वीकृत भएका प्रस्तावहरुको जानकारी र प्रस्ताव छनौट बारे निबेदन/उजुरी गर्न सम्बन्धित दुग्ध उत्पादक सहकारी संस्थालाई सात दिनको समय सिमा राखी सूचना प्रकाशन गरिनेछ ।

११. **सम्झौता:** (१) छनौट भएका दुग्ध उत्पादक सहकारी संस्थाहरुसँग तहाँ सहकारीमा नियमित रुपमा दुध बिक्री गरिरहेका दुग्ध उत्पादक सदस्य कृषकहरुलाई अनुदानमा सहभागी गराउन सम्झौता गर्न आउन पन्ध्र दिनको समयावधि दिई ♦निर्देशनालयले जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न आउने दुग्ध उत्पादक सहकारी संस्थासँग ♦निर्देशनालयले अनुसूची-५ बमोजिम सम्झौता गरिदिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआउने दुग्ध उत्पादक सहकारी संस्थाको स्वतः छनौट रद्द भएको मानि दोश्रो प्राथमिकता प्राप्त दुग्ध उत्पादक सहकारी संस्थालाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

(४) दफा ६ बमोजिम प्रस्ताव आह्वान गर्दा एक मात्र प्रस्ताव परी वा आवश्यक संख्यामा प्रस्ताव नपरी वा उपदफा (३) बमोजिमको समयभित्र सम्झौता गर्न नआईएको र दोश्रो प्राथमिकता प्राप्त साझेदारको संख्या समेत नरहेको अवस्था पर्न आए अनुसूची-२ बमोजिम ♦निर्देशनालयले पुनः प्रस्ताव आह्वान गर्न सक्नेछ ।

---

♦ दोस्रो संशोधनद्वारा संशोधित

⊕ पाचौं संशोधनद्वारा संशोधित

(५) ⊕प्राप्त अनुदान रकम सम्बन्धित कृषकलाई नदिई दुरुपयोग गरेको पाइएमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र २ वर्षसम्म प्रदेश सरकारवाट सञ्चालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन ।

## परिच्छेद-४
## आर्थिक पक्ष

१२. यस कार्यक्रममा ♣बागमती प्रदेशका तेह्रै वटा जिल्लाबाट छनौट गरिएका दुग्ध उत्पादक सहकारी संस्थाहरुमा दूध विक्री गर्ने पशुपालक कृषकहरुलाई प्रोत्साहन स्वरुप अनुदान वितरण गरिने छ ।

१३. अनुदान रकम सम्बन्धित दुग्ध उत्पादक सहकारी संस्थाको बैंक खातामा पठाईने छ र उक्त संस्थाले दूध विक्री गर्ने कृषकहरुलाई अनुदान रकम उपलब्ध गराउने छ।

१४. ▲.....................................

१५. ⊕विनियोजित बजेटको अधिनमा रही अनुदान रकम प्रति लिटर बढीमा रु. दुईको दरले उपलब्ध गराईने छ ।

१६. तत् पश्चात कार्यक्रमको प्रभावकारीका आधारमा आवश्यकता अनुसार कार्यक्रमलाई निरन्तरता दिन सकिने छ ।

१७. यस कार्यक्रमको लेखा, लेखांकन, लेखा परिक्षण तथा आर्थिक कारोवार सम्वन्धी अन्य व्यवस्था प्रचलित ऐन/नियम अनुसार हुनेछ ।

## परिच्छेद-५
## मापदण्ड

१८. **मापदण्डका आधारहरुः** (१) दुग्ध उत्पादक सहकारी संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड हुनु पर्नेछः-

(क) £दुग्ध उत्पादक सहकारी संस्थाले मासिक कम्तीमा १५०० लिटर दूध संकलन गर्ने गरेको हुनु पर्नेछ ।

(ख) वार्षिक कम्तिमा २०० दिनसम्म दुधको कारोवार गर्ने गरेको हुनु पर्नेछ ।

---

⊕ पाचौं संशोधनद्वारा संशोधित

♣ तेस्रो संशोधनद्वारा संशोधित

▲ प्रथम संशोधनद्वारा खारेज

£ छैठौं संशोधनद्वारा संशोधित

(ग) दुग्ध उत्पादक सहकारी संस्थाले दैनिक संकलित दूध आफैले प्रसोधन गरी वा अन्य उद्योगलाई बिक्रि वितरण गरी दूध र दुग्ध जन्य पदार्थहरुको बेचबिखनको प्रबन्ध गरेको हुनु पर्नेछ ।

(घ) नियमित रुपमा वार्षिक साधारण सभा र लेखा परिक्षण गर्ने गरेको हुनु पर्नेछ ।

(ङ) स्थायी लेखा नम्बर प्राप्त गरेको हुनु पर्नेछ ।

(च) कर चुत्ता गरेको हुनु पर्नेछ ।

(छ) €........................................................

(ज) ©...............................................

(झ) सहकारीले कारोवार गर्ने गरेको दुधको गुणस्तर न्यूनतम मापदण्ड भित्र परेको हुनु पर्नेछ।

(ञ) ⊕सहकारी संस्थाहरुले संस्थागत रुपमा दूध खरिद र बिक्री गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

(ट) ⊕विगतका वर्षहरुमा कुनै किसिमको कार्वाहिमा नपरेको स्वघोषणा गर्नु पर्नेछ ।

(ठ) ⊕दुग्ध उत्पादक सहकारी संस्थाले विगत १ वर्षदेखि नियमित कारोबार गरेको हुनु पर्नेछ। दुग्ध उत्पादक सहकारी संस्था दर्ता भएको एक वर्ष पुरा भई नियमित कारोबार गरेको हुनु पर्नेछ।

(ड) एउटै दुग्ध उत्पादक सहकारी संस्थालाई ३ वर्षसम्म मात्र अनुदान रकम वितरण गरिने छ ।

(ढ) अहिलेसम्म सेवा सुविधा प्राप्त नगरेका दुग्ध उत्पादक सहकारी संस्थालाई बढी ग्राह्यता दिईने छ ।

(ण) सहकारीका सदस्य मध्ये जुनमा महिला, दलित तथा विपन्न वर्गको संख्या बढी छ, ति सहकारी संस्थालाई प्राथमिकता प्रदान गरिने छ ।

## परिच्छेद -६
## विविध

**१९. प्रगति पठाउने प्रकृयाः** #(१) अनुदान प्राप्त गर्ने दुग्ध उत्पादक सहकारी संस्थाले ©चौमासिक रुपमा प्रगति प्रतिवेदन भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा कम्पाईल गरी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले ♦निर्देशनालयमा पठाउनु पर्नेछ।

---

© पाचौं संशोधनद्वारा झिकिएको

⊕ पाचौं संशोधनद्वारा संशोधित

# प्रथम संशोधनद्वारा संशोधित

♦ दोस्रो संशोधनद्वारा संशोधित

€ चौथो संशोधनद्वारा खारेज

२०. **<u>कार्यक्रमको प्रभावकारीता:</u>** कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

२१. **<u>संशोधन</u>**: यो कार्यविधि कार्यान्वयन सम्बन्धी बाधा अडचन मन्त्रालयले फुकाउने छ ।

२२. [⊕]<u>प्रचलित कानून बमोजिम हुने</u>: यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसगँ बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

---

[⊕] पाचौं संशोधनद्वारा संशोधित

## अनुसुची -१
## (दफा ६ सँग सम्बन्धित)
## दुग्ध उत्पादक सहकारी संस्थाहरुका लागि प्रस्ताव आव्हानको ढाँचा

प्रथम पटक प्रकाशित मितिः .....................

♦पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय आ.व. ......... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दूध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा दफा १८ बमोजिम मापदण्ड पूरा गरेका इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुले सहभागी भई तहाँ सहकारीमा नियमित रुपमा दुध बिक्री गरिरहेका दुग्ध उत्पादक सदस्य कृषकहरुलाई अनुदानमा सहभागी गराउन यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले तिस दिनभित्र निर्देशनालय वा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा अनुसूची-३ बमोजिम आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि ♦पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क राख्नु हुन समेत अनुरोध गरिन्छ ।

♦ दोस्रो संशोधनद्वारा संशोधित

## अनुसूची -२
## (दफा ११को उपदफा (४) सँग सम्बन्धित)
## पुनः प्रस्ताव आह्वानको ढाँचा

प्रथम पटक प्रकाशित मितिः ....................

♦पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडाद्वारा आ.व. ............ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दूध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रम सञ्चालन गर्न दफा ७ बमोजिम प्रस्ताव आह्वान गर्दा एक मात्र प्रस्ताव परी वा आवश्यक संख्यामा प्रस्ताव नपरी वा उपदफा (३) बमोजिमको समयभित्र सम्झौता गर्न नआईएको र दोश्रो प्राथमिकता प्राप्त दुग्ध उत्पादक सहकारी संस्थाको संख्या समेत नरहेको अवस्था पर्न आएकोले कार्यक्रममा सहभागी हुन इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुले यो दोश्रो पटक प्रकाशित सूचना अनुसार पन्ध्रौं दिनसम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी अनुसूची -३ बमोजिम दिएको आवेदन-पत्र साथ सम्बन्धित जिल्ला दुग्ध उत्पादक सहकारी संघ, सम्बन्धित स्थानीय तह र सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले दिएको सिफारिस-पत्र संलग्न गरी ♦पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा वा सम्बन्धित कार्यालय(भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र)मा कार्यालय समयभित्र आवेदन दर्ता गर्नुहुन पुनः प्रस्ताव आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

♦ दोस्रो संशोधनद्वारा संशोधित

## अनुसुची -३
### (दफा ७ सँग सम्बन्धित)
### <u>दुग्ध उत्पादक सहकारी संस्थाले दिने आवेदन-पत्रको ढाँचा</u>

मितिः.............

♦श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
बागमती प्रदेश, हेटौंडा ।

**विषयः** कार्यक्रममा सहभागी हुन पाउँ।

प्रस्तुत विषयमा मिति.......................... मा प्रकाशित सूचना अनुसार यस दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडको दूध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा सहभागी हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण र अन्य आवश्यक कागजात समेत संलग्न गरी आवेदन पेश गरेका छौं ।

**तपसिलः**

(१) कूल सदस्य संख्याः
(२) कुल सदस्य मध्ये दूध उत्पादक सदस्य संख्याः
(३) गत वर्ष कूल दूध संकलन लि.(औषत दैनिक ..... लि. मासिक ..... लि. र वार्षिक... लि.)
(४) गत वर्ष दूध कारोवार गरेको दिन अंकमा.................. अक्षरमा ............................
(५) गत वर्ष कूल अधिकतम दूध संकलन ................ महिना, ................ लि.
(६) गत वर्ष कूल न्यूनतम दूध संकलन ................महिना, ...................लि.
(७) संस्थाबाट संकलित दूध बिक्री गरिने संस्था/संस्थान/आयोजना आदीको नाम र ठेगानाः
(क) ..................................................................
(ख) ..................................................................
(ग) ..................................................................
(घ) ..................................................................
(ङ) ..................................................................
(८) ⊕दूधबिक्री गरेको कागजात तथा कृषकबाट खरिद, भुक्तानी गरेको भर्पाइ(संलग्न गर्नुपर्ने)
(९) वार्षिक साधारण सभा भएको गत वर्षको प्रमाण (प्रतिलिपि संलग्न गर्नुपर्ने)
(१०) ⊕जम्मा संकलन केन्द्र संख्याः-

| क्र.स. | संकलन केन्द्रको नाम र ठेगाना | वार्षिक दुध संकलन परिमाण (लि.) |
|---|---|---|
| १ | | |
| २. | | |
| जम्मा | | |

(११) रेकर्ड राख्न कम्प्यूटरको प्रयोग भएको/नभएकोः-

♦ दोस्रो संशोधनद्वारा संशोधित
⊕ पाचौं संशोधनद्वारा संशोधित

(१२) दुधको गुणस्तर परिक्षण गरी रेकर्ड राखी/जानकारी दिने गरेको/नगरेकोः-

(१३) मिल्क एनालाईजरको प्रयोग भएको/नभएकोः-

(१४) भेटेरिनरी अष्पताल तथा पशु सेवा विज्ञ केन्द्र /स्थानीय तहको सिफारिश (संलग्न हुनुपर्ने)

(१५) दुध विविधिकरण र विक्री वितरण गरेको/नगरेकोः-

गरेको भएः-

(क) कुन कुन पदार्थ बनाउने गरिन्छ ..........................

(ख) दैनिक औषत परिमाण......................

(ग) विक्री गर्ने बजार/स्थल ................................................

(१६) ⊕सहकारी दर्ता प्रमाण (प्रतिलिपि संलग्न गर्नुपर्ने)

(१७) कुनै प्रकारको कार्वाहीमा नपरेको बारेको स्वघोषणा (संलग्न गर्नुपर्ने)

(१८) कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड( संलग्न गर्नुपर्ने)

(१९) कर चुक्ता प्रमाण पत्र (प्रतिलिपि संलग्न गर्नुपर्ने)

(२०) दूध बिक्रेता सदस्यको बित्तिय/सहकारी संस्थामा रहेको खाताको विवरणः

| क्र. सं. | नाम/थर | ठेगाना | बित्तिय/सहकारी संस्थाको नाम/ ठेगाना | खाता नम्बर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**<u>आवेदकः</u>**

पदाधिकारीको नाम/थरः

पदः

दस्तखतः

मितिः

सम्पर्क नम्बरः

सहकारी संस्थाको नाम र ठेगानाः

सहकारी संस्थाको छापः

⊕ पाचौं संशोधनद्वारा संशोधित

## अनुसूची -४
## (दफा ९ सँग सम्बन्धित)
## <u>कार्यक्रम संचालनका लागि संस्थाको छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु</u>

| क्र. सं. | द. नं. | आवेदक संस्थाको नाम | ठेगाना | मिल्क एनालाईजर को प्रयोग (२०) | दुग्ध उत्पादक कृषक सदस्य संख्या (२५) | दैनिक दुध संकलन परिमाण लिटर (२५) | हालसम्म सेवा प्राप्त नगरेको भूगोल र समुदाय (१०) | अभिलेख व्यवस्थापन (२०) | कुल प्राप्तांक (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

(१) पचास जनासम्म सदस्य संख्या हुने संस्थालाई विस र पचास भन्दा बढी सदस्य संख्या हुने संस्थालाई पच्चिस अंक दिनु पर्नेछ ।

(२) [£]दैनिक पचास देखि एक सय लिटर सम्म दूध संकलन गर्ने सहकारी संस्थालाई विस अंक र एक सय लिटर भन्दा बढि दूध संकलन गर्ने सहकारी संस्थालाई पच्चीस अंक दिनु पर्नेछ।

£ छैठौं संशोधनद्वारा संशोधित

## अनुसूची -५
### (दफा ११को उपदफा (२) सँग सम्बन्धित)
### ♦पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र दुग्ध उत्पादक सहकारी संस्था बीच हुने सम्झौताको ढाँचा

♦पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय................(यसपछि प्रथम पक्ष भनिने) र दुग्ध उत्पादक सहकारी संस्था................(यसपछि दोश्रो पक्ष भनिने) बीच दूध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा तपसिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षिय सम्झौता गरिएको छ।

**तपसिलः**

(१) ⊕स्वीकृत भएको परिमाण लिटर............अनुसार प्रति लिटर रु. .........का दरले रु................(अक्षेरुपी.................) अनुदान रकम दोश्रो पक्षलाई प्रथम पक्षले बैंक खातामा जम्मा गरी दिनेछ ।

(२) दोश्रो पक्षले आफ्नो संस्थामा आवद्ध सदस्य कृषकहरुलाई नियमित रुपमा पशु खोप लगाउने, परजिवी नियन्त्रण गर्ने, थुनेलो लगायत अन्य रोग लागेको र औषधि उपचार गरि रहेको अवस्थाको अखाद्य दूध बिक्री वितरणमा रोक लगाउने, फार्ममा जैविक सूरक्षाको व्यवस्था मिलाउने,तोकिए अनुसारको सफा दूधको उत्पादन, ढुवानी लगायतका कार्यहरु गराउनु पर्नेछ।

(३) दोश्रो पक्षले उत्पादन स्थलदेखि आफुले बिक्री गर्ने स्थान सम्म सफा, स्वस्थ्य र गुणस्तर युक्त दूधको कारोवारको पूर्ण व्यवस्था गर्नु पर्नेछ।

(४) दोश्रो पक्षले आफुमा आवद्ध भएका कृषकहरुलाई छनौटको मापदण्ड बनाई मापदण्ड पुरा गरेका कृषकहरुलाई अनुदान वितरण गर्नु पर्नेछ।

(५) दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एक तर्फि रुपमा सम्झौता भंग गरी प्रचलित कानून बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ ।

(६) यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

(७) दोश्रो पक्षले पेश गरेका विवरणहरु वास्तविक/सत्य हुनुपर्नेछ । यस सहकारी संस्थाले पेश गरेको विवरण, प्राप्त गरेको अनुदान रकम सम्बन्धित निकायबाट जांच हुँदा यदि झुट्टा ठहरिएमा दोश्रो पक्षका संचालक समितिका पदाधिकारीहरुबाट प्रचलित कानून बमोजिम असुल उपर गरि मुलुकी अपराध संहिता, २०७४ बमोजिम ठगीमा कारबाही गर्न प्रथम पक्षले सिफारिस गर्न सक्नेछ ।

| **दोश्रो पक्षः** | **प्रथम पक्षः** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थः | कार्यालयः |

♦ दोस्रो संशोधनद्वारा संशोधित

⊕ पाचौं संशोधनद्वारा संशोधित

**<u>रोहवरः</u>**

दस्तखतः

नामः

पदः

संस्थाः

**<u>रोहवरः</u>**

दस्तखतः

नामः

पदः

कार्यालयः

इति सम्बत्.................साल .......... महिना .........गते रोज ....... शुभम् ।